**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs          Date: 25.05.2024**

**समाचार ---**

## PREZ-VICE PREZ POLLING

आज राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र उपराष्ट्रपति श्री जगदीप धनखर लगायत दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाल अनि अन्य धेरै प्रमुख व्यक्तित्वहरूले राजधानी दिल्लीमा लोकसभा चुनावको छैटौँ चरणमा मतदान गर्नुभयो। वरिष्ठ कांग्रेस नेता श्रीमती सोनिया गान्धी, श्री राहुल गान्धी, श्रीमती प्रियंका गान्धी, केन्द्रीय मन्त्री डा. एस. जयशंकर र श्री हरदीप पुरी, आम आदमी पार्टीका नेता श्री आतिशी र मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले पनि आ-आफ्नो मतदान केन्द्रमा मतदान गर्नुभयो। यसका अलावा गृह सचिव श्री अजय भल्ला, मार्क्सवादी कम्युनिष्ट पार्टीका नेता श्रीमती वृन्दा करातले पनि मतदान गर्नुभयो।

## POLLING Sixth

अहिले साँझ 6 बजे लोकसभा चुनावको छैटौँ चरणको मतदान समाप्त भयो। यस चरणमा 6 राज्य र दुई केन्द्र शासित प्रदेशका 58 संसदीय निर्वाचन क्षेत्रमा मतदान भयो। यसमा उत्तर प्रदेशका 14 सिट, हरियाणाका सबै १० सिट, बिहार र पश्चिम बंगालका 8-8, दिल्लीका सबै 7 सिट, ओडिशाका 6, झारखण्डका 4 र जम्मू-कश्मीरका 1 सिट समावेश छन्। मतदान बिहान 7 बजेबाट सुरु भएको थियो। साँझ 5 बजेसम्म 58 प्रतिशतभन्दा बढी मतदाताले मतदान गरिसकेका थिए। यस चरणमा कुल अठ सय नवासी उम्मेदवार मैदानमा छन्। यस चरणमा 11 करोडभन्दा बढी मतदाता 1.14 लाख मतदान केन्द्रहरूमा मतदान गर्न योग्य थिए। यससँगै तेस्रो चरणमा ओडिशा विधानसभाको 42 सिटका लागि मतदान भयो। साथै हरियाणाको कर्नाल सिट र उत्तर प्रदेशको गैन्सारी सिटका लागि पनि विधानसभा उपचुनाव भयो।

## Tourism Dept fixes rates

सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले गान्तोकदेखि नाथुला, छाङ्गु पोइन्ट र बाबा मन्दिर प्वाइन्टसम्म सवारी साधनको शुल्क तोकेको छ। कार्यालयद्वारा जारी आदेश अनुसार लक्जरी गाडीका लागि सात हजार र सामान्य सवारी साधनका लागि परमिट शुल्क सहित छ हजार पाँच सय शुल्क तोकिएको छ। त्यसबाहेक, विभागले नाथुला अनुमतिको दैनिक सीमा बढाएर जून 30 सम्म 800 सवारी साधन बनाएको छ। हिजो मुख्य सचिवको अध्यक्षतामा बसेको उच्चस्तरीय बैठकपछि यो निर्णय गरिएको हो। विभागको कार्यालय आदेशमा बताइएअनुसार "माथि उल्लेखित दरहरू उल्लङ्घन गर्ने जोकोहीलाई यातायात विभागद्वारा केन्द्रीय मोटर वाहन अधिनियम 1988 र CMV नियम 1989 र सिक्किम मोटर वाहन नियम 1991 का सान्दर्भिक प्रावधानहरू अनुसार कडा कारबाही गरिनेछ।" बढी शुल्क लिएमा, पर्यटकहरूलाई पर्यटन तथा नागरिक उड्डयन विभाग,पुलिस चेक पोस्ट वा यातायात विभागमा सिधै सम्पर्क गर्न सुझाव दिइएको छ।

## SEED Cell & Incubation Centre

सीड सेल र इन्कुवेशन सेन्टर IIT पटनाबीच हिजो समझदारी पत्रमा हस्ताक्षर भयो। सीड सेल कार्यलयमा आयोजित विशेष कार्यक्रममा इन्कुवेशन सेन्टर अफ् आई.आई.टी पटनाका प्राचार्य प्रभारी तथा सचिव डा. सुधिर कुमार र सीड सेल सिक्किमका मुख्य संयोजक श्री राज लामाले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो। सीड सेल मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको संरक्षणमा गठन गरिएको गैरसरकारी संस्थान हो। सिक्किममा आर्थिक, सामाजिक र पर्यावरणीय विकासको सहअस्तित्व र अन्तरक्रियामा केन्द्रित भएर उद्यमशीलतामा दिगो पारिस्थितिकी प्रणाली निर्माण गर्नु यो सीड सेलको मुख्य उद्देश्य रहेको छ। यो सम्झौतापत्रले उद्यमशीलता विनिमय कार्यक्रम र राज्य ड्रोन प्रविधि केन्द्र स्थापना गर्न सहयोग पुग्ने श्री राज लामाले दाबी गर्नुभयो।

## Film Tara

आज "तारा - द लस्ट स्टार" का निर्माता तथा अभिनेत्री श्यामश्री शेर्पालाई राम्फू स्थित पर्यटन विभागको अतिथि गृहमा न्यानो स्वागत जनाइयो। सुश्री शेर्पाले फ्रान्सको प्रतिष्ठित कान्स चलचित्र उत्सवमा भारतको प्रतिनिधित्व गर्दै, सिक्किमेली चलचित्र "तारा - द लस्ट स्टार," राष्ट्रिय चलचित्र विकास निगम, NFDC -द्वारा प्रायोजित फिल्मको प्रतिनिधित्व गरेकी थिइन्। साडा प्रोडक्सनकी संस्थापकको रूपमा सुश्री शेर्पाले विश्वको सबैभन्दा ठूलो फिल्म महोत्सवमा पहिलो पटक सिक्किमेली-

नेपाली फिल्मको प्रदर्शन गरेर इतिहास रच्नुभएको छ। सिक्किमका लागि महत्त्वपूर्ण उपलब्धि बनेको यो फिल्म निर्माताहरूका लागि कोसेढुङ्गा बनेको छ।

-------